# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, जेठ २१ गते, २०८३ साल (संख्या ११

## भाग ३

### नेपाल सरकार

### रक्षा मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ११**

**<u>सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३</u>**

सैनिक सेवा नियमावली, २०६९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>सैनिक सेवा नियमावली, २०६९ को नियम ७ मा संशोधन</u>** : सैनिक सेवा नियमावली, २०६९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ को उपनियम (२) र (३) मा रहेका "नेपाली सेनामा" भन्ने शब्दहरूको सट्टा "नेपाली सेनाको जुनसुकै सेवामा" भन्ने शब्दहरू राखिएका छन्।

३. **<u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९ को उपनियम (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) सैन्य र फलोअर्स पदको पदपूर्तिका लागि तोकिएका भर्ना छनोट केन्द्रहरूबाट माग पदसङ्ख्या भन्दा बढी उत्तीर्ण भएका सबै उम्मेदवारको योग्यताक्रम अनुसारको सूची तयार गर्ने।"

४. **<u>मूल नियमावलीको नियम १० मा संशोधन</u>** : मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (२) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) बियरिङ् परीक्षा,"

(ख) खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-

"(क१) प्रारम्भिक स्वास्थ्य परीक्षण,

(क२) शारीरिक परीक्षा,"

(२) उपनियम (३) को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) बियरिङ् परीक्षा,"

(ख) खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-

"(क१) प्रारम्भिक स्वास्थ्य परीक्षण,

(क२) शारीरिक परीक्षा,"

५. **<u>मूल नियमावलीको नियम १३ मा संशोधन</u>** : मूल नियमावलीको नियम १३ को उपनियम (१) र (३) मा रहेका "एक महिनाको" भन्ने शब्दहरूको सट्टा "एक्काइस दिनको" भन्ने शब्दहरू राखिएका छन्।

६. **<u>मूल नियमावलीको नियम २० मा संशोधन</u>** : मूल नियमावलीको नियम २० को सट्टा देहायको नियम २० राखिएको छ :-

"२०. **<u>सफल उम्मेदवारको सूची प्रकाशन</u>** : (१) प्रत्येक भर्ना छनौट केन्द्रले यस नियमावली बमोजिम सबै किसिमको परीक्षामा माग पद सङ्ख्या भन्दा बढी सङ्ख्यामा उत्तीर्ण भएका सबै उम्मेदवारको योग्यताक्रम अनुसारको सूची तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचीका आधारमा माग पद सङ्ख्या बमोजिम योग्यताक्रम अनुसार नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको सूचीमा नाम समावेश भएका तर उपनियम (२) बमोजिम तालिम वा नियुक्तिका लागि सिफारिस हुन नसकेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उम्मेदवारहरूको सूचीबाट देहाय बमोजिमको सङ्ख्यामा योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ :-

| क्र.सं. | सिफारिस सङ्ख्या | वैकल्पिक उम्मेदवारको सङ्ख्या |
|---|---|---|
| (क) | एक जनादेखि पाँच जनासम्म | एक जना |
| (ख) | छ जनादेखि पन्ध्र जनासम्म | दुई जना |
| (ग) | सोह्र जनादेखि तिस जनासम्म | तीन जना |
| (घ) | एकतिस जनादेखि पचास जनासम्म | चार जना |
| (ङ) | एकाउन्न जनादेखि एकसय जनासम्म | पाँच जना |

(४) उपनियम (२) बमोजिम बढी अङ्क प्राप्त गर्ने सूचीबाट एक सय जनाभन्दा बढी उम्मेदवार सिफारिस भएमा सिफारिस सङ्ख्याको पाँच प्रतिशत सङ्ख्यामा वैकल्पिक उम्मेदवारको नामावली प्रकाशन गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम सङ्ख्या निर्धारण गर्दा शून्य दशमलव पाँच वा सोभन्दा बढी भएमा मात्र पूर्ण अङ्क एक मान्नु पर्नेछ।"

७. **मूल नियमावलीको नियम २२ मा संशोधन** : मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२२. **योग्यताक्रम अनुसार सिफारिस गर्ने** : (१) पदपूर्ति समितिले नियुक्तिको लागि उम्मेदवारको नाम सिफारिस गर्दा नियम २० को उपनियम (२) बमोजिमको सूचीबाट योग्यताक्रमअनुसार सिफारिस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सिफारिस भएको कुनै उम्मेदवार आधार तालिम सुरु भएको मितिले मनासिब कारण बाहेक सात दिनभित्र तालिममा सहभागी हुन नआएमा पद रिक्त भएको मानिनेछ।

(३) उपनियम (२) बमोजिम रिक्त भएको पदमा नियम २० को उपनियम (३) र (४) बमोजिम सम्बन्धित भर्ना छनोट केन्द्रको वैकल्पिक उम्मेदवारको योग्यताक्रमको सूचीको आधारमा पदपूर्ति गर्नु पर्नेछ।

(४) सिपाही वा फलोअर्स भर्ना गर्दा कुनै भर्ना छनौट केन्द्रमा निर्धारित पदसङ्ख्याभन्दा कम उम्मेदवार उत्तीर्ण भएमा पदपूर्ति समितिले नियम ९ को उपनियम (१) को खण्ड (घ) बमोजिम सबै भर्ना छनोट केन्द्रबाट उत्तीर्ण भएका उम्मेदवारको सूची माग गरी सोको आधारमा एकीकृत योग्यताक्रम तयार गरी रिक्त स्थानमा नियुक्तिको लागि सिफारिस गर्नेछ।"

८. **मूल नियमावलीको नियम २४ मा संशोधन** : मूल नियमावलीको नियम २४ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) को प्रारम्भमा “नेपाली सेना र” भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (२) मा रहेका “अनुसूची-४ मा” भन्ने शब्दहरूको सट्टा “अनुसूची-४क. मा” भन्ने शब्दहरू राखिएका छन्।

९. **<u>मूल नियमावलीको नियम २७ मा संशोधन</u>** : मूल नियमावलीको नियम २७ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) स्वदेशको मिलिटरी एकेडेमीबाट अधिकृत क्याडेट आधार तालिम पूरा गरेका एउटै बेसिकका अधिकृत क्याडेटको ज्येष्ठता कायम गर्दा आधार तालिमको नतिजाको योग्यताक्रमअनुसार दर्ज्यानी चिह्न पाएको मितिदेखि कायम गर्नु पर्नेछ।"

१०. **<u>मूल नियमावलीको नियम ३३ मा संशोधन</u>** : मूल नियमावलीको नियम ३३ को,-

(१) उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

“(ग) प्रमुख सेनानीदेखि सहायक रथी पदका लागि,-

| | | |
|---|---|---|
| (१) | रथी | -अध्यक्ष |
| (२) | निरीक्षणाधिकृत | -सदस्य |
| (३) | कार्यरथी | -सदस्य |
| (४) | विभागीय प्रमुख, युद्धकार्य विभाग | -सदस्य |
| (५) | सैनिक तालिम महानिर्देशक | -सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) प्रमुख, सैनिक इण्टेलिजेन्स कोर -सदस्य

(७) विभागीय प्रमुख, व्यवस्था, नीति तथा योजना विभाग -सदस्य

(८) कमाण्डमा रहेका उपरथीहरूमध्ये प्रधान सेनापतिले तोकेको उपरथी -सदस्य

(९) सैनिक सचिव -सदस्य-सचिव"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (१) को खण्ड (ग) बमोजिमको बढुवा समितिको अध्यक्षको अनुपस्थितिमा सो समितिका सदस्यमध्ये प्रधान सेनापतिले तोकेको वरिष्ठतम् उपरथीले बैठकको अध्यक्षता गर्नेछ।"

**११. <u>मूल नियमावलीको नियम ३६ मा संशोधन</u>** : मूल नियमावलीको नियम ३६ को उपनियम (१) को खण्ड (च) झिकिएको छ।

**१२. <u>मूल नियमावलीको नियम ४३ मा संशोधन</u>** : मूल नियमावलीको नियम ४३ को उपनियम (३) मा रहेका "रिक्त सहायक सेनानी पदमा" भन्ने शब्दहरूको सट्टा "साधारण सेवा तर्फ रिक्त सहायक सेनानी पदमा र सो बाहेकका सेवा, समूह तथा उपसमूहका सुवेदारलाई उपसेनानी पदमा" भन्ने शब्दहरू राखी सोही उपनियमको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "प्रमुख सुवेदार र सहायक सेनानी" भन्ने शब्दहरूको सट्टा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"प्रमुख सुवेदार, सहायक सेनानी र उपसेनानी" भन्ने शब्दहरू राखिएका छन्।

१३. **<u>मूल नियमावलीको नियम ४७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ४७ को,-

(१) उपनियम (१) मा रहेका "तीन पटकसम्म" भन्ने शब्दहरूको सट्टा "दुई पटकसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "अधिकृत क्याडेट" भन्ने शब्दहरू पछि "आधार" भन्ने शब्द थपी सोही उपनियममा रहेका "तीन पटकसम्म" भन्ने शब्दहरूको सट्टा "दुई पटकसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (२) बमोजिम कनिष्ठ समूहमा समावेश भई सो समूहमा समेत उत्तीर्ण हुन नसकेमा सैन्यको हकमा सम्बन्धित तालिम प्रमुखको सिफारिसमा सैनिक तालिम महानिर्देशकले र अधिकृत क्याडेटको हकमा सैनिक तालिम महानिर्देशकको सिफारिसमा प्रधान सेनापतिले तालिमबाट हटाउन सक्नेछ।"

(४) उपनियम (५) मा रहेका "अयोग्य (अनफिट) ठहरिएमा" भन्ने शब्दहरू पछि "वा उपनियम (३) बमोजिम तालिमबाट हटाइएमा" भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१४. <u>मूल नियमावलीको नियम ५० मा संशोधन</u>** : मूल नियमावलीको नियम ५० को,-

(१) उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख) थपिएका छन् :-

"(२क) उपनियम (२) बमोजिम छनौट भएका उम्मेदवारमध्ये नेपाली सेनाले सैनिक सल्लाहकारको हकमा नियुक्तिको लागि र फ्लोटिङ् एप्वाईन्टमेन्टको हकमा आवेदन गर्नुअघि पूर्वस्वीकृतिको लागि मन्त्रालयसमक्ष पठाउनेछ।

(२ख) उपनियम (२क) बमोजिम फ्लोटिङ् एप्वाईन्टमेन्टको लागि उपयुक्त उम्मेदवारलाई मन्त्रालयले पूर्वस्वीकृति प्रदान गर्नेछ।"

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) मन्त्रालयले आवश्यक मापदण्ड पूरा भए नभएको हेरी सैनिक सल्लाहकारको हकमा नियुक्ति र फ्लोटिङ् एप्वाईन्टमेन्टको हकमा मनोनयन गर्नु पर्नेछ।"

**१५. <u>मूल नियमावलीको नियम ६० मा संशोधन</u>** : मूल नियमावलीको नियम ६० को,-

(१) नियम शीर्षकमा रहेका "अध्ययन बिदा" भन्ने शब्दहरूको सट्टा "अध्ययन बिदा र तालिम" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (६) पछि देहायको उपनियम (६क) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(६क) तालिममा जाने सैनिक व्यक्तिले तालिममा जानुभन्दा अघि त्यस्तो तालिम पूरा गरी फर्केर आई आफ्नो सेवामा उपनियम (६) बमोजिमको अवधिसम्म सेवा गर्नेछु भनी अनुसूची-११ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।"

(३) उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छ :-

"(७) सैनिक व्यक्तिले अध्ययन वा तालिम पूरा गरी फर्केर आएपछि उपनियम (६) मा उल्लेख भएबमोजिमको अवधिसम्म सेवा नगरेमा वा स्वीकृत विषयभन्दा बाहेक अन्य विषय अध्ययन गरी आएमा त्यस्तो सैनिक व्यक्तिबाट अध्ययन वा तालिम अवधिभर निजले पाएको तलब तथा कबुलियतनामामा उल्लेख भएका अन्य रकमसमेत सरकारी बाँकी सरह असुल गरिनेछ।"

(४) उपनियम (७) पछि देहायको उपनियम (७क) थपिएको छ:-

"(७क) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन वा तालिम पूरा गरी फर्केका सैनिक व्यक्ति गम्भीर विरामी भई वा शारीरिक वा मानसिक रूपमा सैनिक सेवा गर्न अशक्त भएको भनी नियम १०७ बमोजिमको मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो रकम असुल गरिने छैन।"

१६. **<u>मूल नियमावलीमा नियम ७४क. थप</u>** : मूल नियमावलीको नियम ७४ पछि देहायको नियम ७४क. थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"**७४क. <u>जोखिम भत्ता</u>** : प्रयोगशालामा खटिई कार्य गर्ने सैनिक व्यक्तिले नेपाल सरकारले तोकेबमोजिमको जोखिम भत्ता पाउनेछ।

**<u>स्पष्टीकरण</u>** : यस नियमको प्रयोजनको लागि "प्रयोगशाला" भन्नाले सैनिक व्यक्तिद्वारा विभिन्न रसायन वा विकिरणयुक्त पदार्थ, जीवाणु र स्वास्थ्यलाई प्रतिकूल असर पार्ने वैज्ञानिक उपकरणको नियन्त्रित परिवेशमा प्रयोग गरी विभिन्न प्रकारका विश्लेषणात्मक, अनुसन्धानात्मक तथा प्रशिक्षणात्मक क्रियाकलाप सम्पन्न गर्न नेपाल सरकारले तोकेको कार्यालय वा कार्यस्थल सम्झनु पर्छ।"

**१७.** **<u>मूल नियमावलीको नियम ७७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७७ को उपनियम (२) मा रहेको "गुल्मको" भन्ने शब्द झिकिएको छ।

**१८.** **<u>मूल नियमावलीको नियम ७८क. मा संशोधन</u>** : मूल नियमावलीको नियम ७८क. को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिमको सेवा अवधि नपुग्दै कुनै सैनिक व्यक्तिले आफ्नो पदबाट राजीनामा दिएको अवस्थामा सो अवधिमा निज नियुक्त भएको दर्जाको आधारभूत तालिम, स्वदेश वा विदेशमा गरेका अन्य तालिम र शैक्षिक योग्यता प्राप्त हुने किसिमका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अध्ययन वा तालिममा भएको खर्च वापतको रकम असुल गरेर मात्र राजीनामा स्वीकृत गर्नु पर्नेछ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) उपनियम (१) बमोजिमको सेवा अवधि नपुग्दै सेवाबाट भगौडा पर्ने सैनिक व्यक्तिबाट सेवा अवधिमा आधारभूत तालिम, स्वदेश वा विदेशमा गरेको अन्य तालिम र शैक्षिक योग्यता प्राप्त हुने किसिमका अध्ययन वा तालिममा भएको खर्च वापतको रकम असुल गरिनेछ।"

**१९. मूल नियमावलीको नियम ८३ मा संशोधन** : मूल नियमावलीको नियम ८३ को उपनियम (७) मा रहेका "जङ्गी कारबाही वा सेना परिचालन भएको" भन्ने शब्दहरूको सट्टा "जङ्गी कारबाही, सेना परिचालन भएको, विश्वशान्ति स्थापनाको लागि शान्ति सैनिकको रूपमा तैनाथ भएको, विपद् व्यवस्थापन, विकास निर्माण वा प्रकृति संरक्षणको कर्तव्य पालना गर्दाका" भन्ने शब्दहरू राखिएका छन्।

**२०. मूल नियमावलीको नियम ८५ मा संशोधन** : मूल नियमावलीको नियम ८५ को,-

(१) उपनियम (१क) मा रहेका "जङ्गी कारबाही वा सेना परिचालन भएको" भन्ने शब्दहरूको सट्टा "जङ्गी कारबाही, सेना परिचालन भएको, विश्व शान्ति स्थापनाको लागि शान्ति सैनिकको रूपमा तैनाथ भएको, विपद् व्यवस्थापन, विकास निर्माण वा प्रकृति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संरक्षणको कर्तव्य पालना गर्दाका" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (४) पछि देहायका उपनियम (५), (६) र (७) थपिएका छन् :-

"(५) जङ्गी कारबाही वा सेना परिचालन भएको बखत कुनै आकस्मिक दुर्घटनामा परी वा कुनै प्रकारको हतियारको चोटबाट अशक्त भई अवकाश प्राप्त सैनिक व्यक्तिले उपनियम (१), (१क) र (२) बमोजिमको सेवा सुविधा पाउनेछन्।

**स्पष्टीकरण** : यस नियमको प्रयोजनको लागि "अवकाश प्राप्त सैनिक व्यक्ति" भन्नाले सेवामा रहँदा अशक्त भई नियम १०७ बमोजिमको मेडिकल बोर्डले अशक्त ठहर गरेका वा ठहर गर्न बाँकी रहेका निवृत्त सैनिक व्यक्ति सम्झनु पर्छ।

(६) यस नियमबमोजिम अशक्त वृत्तिको सुविधाका लागि नियम १०७ बमोजिमको मेडिकल बोर्डले अशक्तताको सिफारिस गर्नेछ र उपनियम (५) को अवस्था परी अशक्त भए वा नभएको सम्बन्धमा नेपाली सेनाले प्रमाणीकरण गर्नेछ।

(७) उपनियम (५) बमोजिमको सुविधा प्राप्त गर्ने अवकाश प्राप्त सैनिक व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाली सेनामा निवेदन दिइसक्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. **<u>मूल नियमावलीको नियम ८६ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८६ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिमको वृत्ति सैनिक व्यक्तिको सन्तति एक्काइस वर्षको उमेर पूरा गरेको वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ।"

२२. **<u>मूल नियमावलीको नियम ८७ख. मा संशोधन</u>** : मूल नियमावलीको नियम ८७ख. को उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन् :-

"(१क) नियम ८३ को उपनियम (७) र नियम ८५ को उपनियम (१क) बमोजिमको सुविधा विश्व शान्ति स्थापनाको लागि शान्ति सैनिकको रूपमा तैनाथ भएको, विपद् व्यवस्थापन, विकास निर्माण वा प्रकृति संरक्षणको कर्तव्य पालना सम्बन्धी कार्य गर्ने सैनिक व्यक्ति वा निजको मृत्यु भएकोमा मृतकको परिवारलाई दिइनेछ।

(१ख) उपनियम (१क) बमोजिमको सुविधा यो उपनियम प्रारम्भ भएको मितिदेखि लागु हुनेछ।"

२३. **<u>मूल नियमावलीको नियम ९० मा संशोधन</u>** : मूल नियमावलीको नियम ९० को,-

(१) उपनियम (१) मा रहेको "पदिकस्तरको" भन्ने शब्दको सट्टा "प्रमुख सुवेदार र सुवेदारस्तरको" भन्ने शब्दहरू राखी सोही उपनियममा रहेका "अठार महिना बराबरको र" भन्ने शब्दहरू पछि "जमदार," भन्ने शब्द थपिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुनु अघि जमदार पदबाट अवकास भएका सैनिक व्यक्तिले अठार महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्च बापत पाउनेछ।"

२४. **<u>मूल नियमावलीको नियम ९४ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९४ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक व्यक्तिले गर्ने कामको प्रकृति र मौसमको अनुकूलताबमोजिम अनुसूची-१३ मा उल्लेख भए बाहेकका विशेष किसिमका पोसाक तथा अन्य सामान र सोको खपत अवधि नेपाली सेनाले निर्धारण गर्न सक्नेछ।"

२५. **<u>मूल नियमावलीको नियम ९७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९७ को उपनियम (४) को स्पष्टीकरण झिकिएको छ।

२६. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>** : मूल नियमावलीको,-

(१) अनुसूची-४ को सट्टा संलग्न बमोजिमको अनुसूची-४ राखिएको छ।

(२) अनुसूची-४ पछि संलग्न बमोजिमको अनुसूची-४क. थपिएको छ।

(३) अनुसूची-६ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रकरण १ को सि.नं. १ख. को क्रमसङ्ख्या १ को खण्ड (ख) मा रहेको द्रष्टव्यको सट्टा देहायको द्रष्टव्य राखिएको छ :-

"द्रष्टव्य:

(१) महिला अधिकृत र चौंतिस वर्ष उमेर नाघेका पुरुष अधिकृतले कमाण्डो तालिम गर्नुपर्ने छैन।

(२) मित्रराष्ट्रमा सञ्चालन हुने अधिकृत क्याडेट आधार तालिममा सहभागी भई सोही राष्ट्रबाट कमाण्डो तालिम सम्पन्न गरेका अधिकृतले पुनः कमाण्डो तालिम गर्नुपर्ने छैन।"

(ख) प्रकरण २ को,-

(१) सि.नं. १ मा रहेको "स्नाइपर" भन्ने शब्दपछि ",स्विफ्ट वाटर सर्च एण्ड रेस्क्यु तालिम" भन्ने शब्दहरू थपिएका छन्।

(२) सि.नं. ५ मा रहेका "ज्येष्ठ पदिक" भन्ने शब्दहरू पछि "वा नेतृत्व विकास तालिम" भन्ने शब्दहरू थपिएका छन्।

(३) द्रष्टव्यको सट्टा देहायको द्रष्टव्य राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"द्रष्टव्य :

१. "मद्दती सम्बन्धी तालिम" भन्नाले जि.पि.एम.जी., ए.जि.एल., एम.एम.जि., ८१ मि.मि. मोर्टार, एण्टी ट्याङ्क (४० मि.मि. आर.एल., ८४ मि.मि. कार्ल गुस्ताव), आई.ई.डि.डि. वा नेपाली सेनाले साङ्गठनिक व्यवस्थाअनुसार प्रयोगमा ल्याउने सो सरहको मद्दती हतियारसम्बन्धी तालिम, रेजिमेण्टल सिग्नल, स्नाइपर तालिम सम्झनु पर्छ।

२. "बन्दोबस्ती सम्बन्धी तालिम" भन्नाले ड्राईभिङ्ग एण्ड मेन्टिनेन्स, स्ट्रेचर वियरर, भण्डारे, फायर फाइटिङ्ग, प्रि-नर्सिङ असिस्टेण्ट, नर्सिङ असिस्टेण्ट ग्रेड तीन र प्रबन्ध तथा स्टोर किपर वा सो सरहको तालिम सम्झनु पर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रकरण ४ को,-

(१) खण्ड (क) को,-

(क) सि.नं. २ मा रहेका "हाईजिन एण्ड स्यानिटेशन" भन्ने शब्दहरू पछि ",१२.७ मि.मि. ए.ए.एम.जि. र ३५ मि.मि. ए.जि.एल. हतियार तालिम" भन्ने शब्दहरू थपिएका छन्।

(ख) सि.नं. ५ मा रहेका "ज्येष्ठ पदिक" भन्ने शब्दहरू पछि "वा नेतृत्व विकास तालिम र एस.ई.ई वा सो सरह" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (ख) को सि.नं. ३ को सट्टा देहायको सि.नं. ३ राखिएको छ :-

| | | | |
|---|---|---|---|
| "३. | जमदारबाट सुवेदार | ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम र एस.ई.ई वा सो सरह वा आर्मी फष्ट क्लास | जुनियर लिडरसिप, मेथड अफ इन्सट्रक्सन वा शिक्षण सिद्धान्त तालिम, ईन्टेलिजेन्स तथा सेक्युरिटी" |

(३) खण्ड (ग) को सि.नं. ५ मा रहेका "ज्येष्ठ पदिक" भन्ने शब्दहरू पछि "वा नेतृत्व विकास तालिम र एस.ई.ई वा सो सरह वा" भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) खण्ड (घ) को,-

(क) खण्ड शीर्षकमा रहेका "महावीर गण (रेञ्जर)" भन्ने शब्दहरुको सट्टा "महावीर योजना तथा समन्वय महाशाखा र अन्तर्गतका गणहरु" भन्ने शब्दहरु राखिएका छन्।

(ख) सि.नं. ३ को सट्टा देहायको सि.नं. ३ राखिएको छ :-

| | | | |
|---|---|---|---|
| "३. | अमल्दारबाट हुद्दा | रेञ्जर बिल्लादार ग्रेड दुई वा स्पेसल पर्पस इन्गेज्मेन्ट एण्ड रिकोनाइसेन्स (स्पियर) तालिम" | -<br>" |

(५) खण्ड (ङ) को सि.नं. ५ को सट्टा देहायको सि.नं. ५ राखिएको छ :-

| | | | |
|---|---|---|---|
| "५. | जमदारबाट सुवेदार | ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम र एस.ई.ई.वा सो सरह वा आर्मी फष्ट क्लास | -<br>" |

(६) खण्ड (च) झिकिएको छ ।

(७) खण्ड (छ) को सि.नं. २ र ५ को सट्टा देहायका सि.नं. २ र ५ राखिएका छन् :-

| | | | |
|---|---|---|---|
| "२. | प्युठबाट अमल्दार | एयर डेलिभरी टिम लिडर तालिम वा जम्प माष्टर तालिम वा प्याराचुट फोल्डिङ्ग तालिम | - |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ५. | जमदार बाट सुवेदार | ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम र एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास | मेथड अफ इन्सट्रक्शन वा शिक्षण सिद्धान्त तालिम, इन्टेलिजेन्स तथा सेक्युरिटी" |

(घ) प्रकरण ६ को,-

(१) खण्ड (क) को सि.नं. १ मा रहेका "सिपाहीबाट प्युठ" भन्ने शब्दहरूको सट्टा "सिपाही/गनरबाट प्युठ" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ख) को,-

(१) सि.नं. २ को "बढुवा प्रयोजनको लागि गर्नुपर्ने तालिम, योग्यता" अन्तर्गतको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) चारमध्ये कुनै एक तालिम (हवाई सुरक्षा रडार तथा इक्युपमेन्ट तालिम/रेकी वा सर्भिलेन्स तथा हवाई जहाज पहिचान तालिम वा एक मिटर रेन्ज फाइन्डर तालिम वा रेजिमेन्टल सिग्नल/ ड्राइभिङ्ग एण्ड मेन्टिनेन्स तालिम)"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सि.नं. ३ को "बढुवा प्रयोजनको लागि गर्नुपर्ने तालिम, योग्यता" अन्तर्गत रहेको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) युनिट इन्सट्रक्टर (गन) वा यु.आई (गन) वा युनिट इन्सट्रक्टर (एफ.सि.ई) वा युनिट इन्सट्रक्टर (एस.आर.) वा युनिट इन्सट्रक्टर (इक्युपमेण्ट) वा यु.आई. (इक्युपमेण्ट),"

(३) सि.नं. ५ मा रहेका "ज्येष्ठ पदिक" भन्ने शब्दहरू पछि "वा नेतृत्व विकास तालिम" भन्ने शब्दहरू थपिएका छन्।

(३) खण्ड (ग) को,-

(१) सि.नं. १ मा रहेका "सिपाहीबाट प्युठ" भन्ने शब्दहरूको सट्टा "सिपाही/स्यापरबाट प्युठ" भन्ने शब्दहरू राखिएका छन्।

(२) सि.नं. ५ मा रहेका "ज्येष्ठ पदिक" भन्ने शब्दहरू पछि "वा नेतृत्व विकास तालिम" भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) खण्ड (घ) को सि.नं. ५ को सट्टा देहायको सि.नं. ५ राखिएको छः-

| | | | |
|---|---|---|---|
| "५ | जमदारबाट सुवेदार | (क) ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम<br>(ख) एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास | यू म्यान अफ सिग्नल" |

(ङ) प्रकरण ८ को खण्ड (क) को सि.नं. ५ को सट्टा देहायको सि.नं. ५ राखिएको छः-

| | | | |
|---|---|---|---|
| "५ | जमदार बाट सुवेदार | ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम र एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास | मेथड अफ इन्सट्रक्शन वा शिक्षण सिद्धान्त तालिम, इण्टेलिजेन्स तथा सेक्युरिटी" |

(च) प्रकरण १२ को सि.नं. १ मा रहेका "भेटनरी फष्ट एड ग्रेड तीन" भन्ने शब्दहरू पछि "वा भेटनरी फस्ट एड एण्ड एनिमल हाइजिन ग्रेड ग" भन्ने शब्दहरू थपिएका छन्।

(छ) प्रकरण १६ को सि.नं. ५ को सट्टा देहायको सि.नं. ५ राखिएको छ :-

| | | | |
|---|---|---|---|
| "५ | जमदारबाट सुवेदार | ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम र एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास | मेथड अफ इन्सट्रक्शन वा शिक्षण सिद्धान्त तालिम, इन्टिलिजेन्स तथा सेक्युरिटी" |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) प्रकरण २३ को सट्टा देहायको प्रकरण २३ राखिएको छः-

“२३. सैनिक कर्मचारी

| सि.नं. | दर्जा | बढुवा प्रयोजनको लागि गर्नु पर्ने तालिम | पेसागत दक्षता अभिवृद्धिको लागि गर्न सक्ने तालिम, योग्यता |
|---|---|---|---|
| १ | अमल्दार कर्मचारीबाट हुद्दा कर्मचारी | (क) सैन्य वा प्राविधिक आधार तालिम<br>(ख) कर्मचारी ग्रेड तीन तालिम | - |
| २ | हुद्दा कर्मचारीबाट जमदार कर्मचारी | कर्मचारी ग्रेड दुई तालिम | - |
| ३ | जमदार कर्मचारीबाट सुवेदार कर्मचारी | कर्मचारी ग्रेड एक तालिम | -” |

(झ) प्रकरण २५ को,-

(१) खण्ड (क) को सि.नं. ५ को सट्टा देहायको सि.नं. ५ राखिएको छ :-

| | | | |
|---|---|---|---|
| “५ | जमदार बाट सुवेदार | ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम र एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास | मेथड अफ इन्सट्रक्शन वा शिक्षण सिद्धान्त तालिम, इन्टेलिजेन्स तथा सेक्युरिटी” |

(२) खण्ड (ख) को सि.नं. ५ को सट्टा देहायको सि.नं. ५ राखिएको छ :-

| | | | |
|---|---|---|---|
| “५ | जमदारबाट सुवेदार | से.मु. पति वा ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम र एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास | मेथड अफ इन्सट्रक्शन वा शिक्षण सिद्धान्त तालिम, इन्टेलिजेन्स तथा सेक्युरिटी” |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) प्रकरण २६ पछि देहायका प्रकरण २७, २८, २९ र ३० थपिएका छन् :-

"२७. सैनिक नियम पालक (प्रोभोष्ट मार्सल) तथा सैनिक प्रहरीतर्फका सिपाहीदेखि सुवेदारसम्म

| सि.नं. | दर्जा | बढुवा प्रयोजनको लागि गर्नुपर्ने तालिम, योग्यता | पेसागत दक्षता अभिवृद्धिको लागि गर्न सक्ने तालिम, योग्यता |
|---|---|---|---|
| १. | सिपाही बाट प्युठ | (क) सैनिक प्रहरी युनिट आधार तालिम<br>(ख) बिल्लादार ग्रेड तीन | (क) आइटि क्लर्क एण्ड कम्प्युटर तालिम<br>(ख) ड्रिल तालिम<br>(ग) आर.एस. तालिम |
| २. | प्युठबाट अमल्दार | सैनिक प्रहरी तालिम | (क) लाईट मोर्टर ड्राईभिङ्ग एण्ड मेन्टिनेन्स तालिम<br>(ख) स्टोर किपर तथा प्रबन्ध तालिम<br>(ग) फायर फाईटिङ तालिम |
| ३. | अमल्दार बाट हुद्दा | (क) बिल्लादार ग्रेड दुई<br>(ख) सैनिक प्रहरी एड्भान्स तालिम वा सैनिक प्रहरी अनुसन्धान तालिम | (क) भिआइपी सुरक्षा तालिम<br>(ख) अनुसन्धान तालिम<br>(ग) एम्युनिशन टेक्निसियन तालिम |
| ४. | हुद्दा बाट जमदार | (क) एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास<br>(ख) बिल्लादार ग्रेड एक | (क) अनुसन्धान तालिम<br>(ख) भिआइपी/भिभिआपी सुरक्षा तालिम |
| ५. | जमदार बाट सुवेदार | ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम | अनुसन्धान तालिम |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. सैनिक इण्टेलिजेन्स महानिर्देशनालय तर्फका सिपाहीदेखि सुवेदारसम्म

| **सि.नं.** | **दर्जा** | **बढुवा प्रयोजनको लागि गर्नुपर्ने तालिम, योग्यता** | **पेसागत दक्षता अभिवृद्धिको लागि गर्न सक्ने तालिम, योग्यता** |
|---|---|---|---|
| १. | सिपाही बाट प्युठ | इण्टेलिजेन्स तथा सुरक्षा अन्य दर्जा तालिम | - |
| २. | प्युठबाट अमल्दार | जनसम्पर्क वा रेजिमेण्टल सिग्नल वा सुरक्षा परिचयात्मक तालिम वा सैनिक प्रहरी वा जि.पि.एम.जि. वा एम.एम.जि. तालिम | - |
| ३. | अमल्दारबाट हुद्दा | इण्टेलिजेन्स तथा सर्भिलेन्स तालिम | - |
| ४. | हुद्दाबाट जमदार | (क) एस.ई.ई.वा सो सरह वा आर्मी फष्ट क्लास<br>(ख) बिल्लादार ग्रेड एक | - |
| ५. | जमदार बाट सुवेदार | ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम | - |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २९. नं.१७ वाहिनी अड्डा वा मेकनाईज्ड फौज तर्फका सिपाहीदेखि सुवेदारसम्म

| सि.नं. | दर्जा | बढुवा प्रयोजनको लागि गर्नुपर्ने तालिम, योग्यता | पेसागत दक्षता अभिवृद्धिको लागि गर्न सक्ने तालिम, योग्यता |
|---|---|---|---|
| १. | सिपाहीबाट प्युठ | (क) बिल्लादार ग्रेड तीन<br>(ख) "बि" भेहिकल ड्राईभिङ् एण्ड मेण्टिनेन्स तालिम वा लाइट भेहिकल ड्राइभिङ्ग एण्ड मेण्टिनेन्स तालिममध्ये कुनै एक<br>(ग) मेकनाईज्ड बेसिक तालिम | (क) कन्भर्सन<br>(ख) नर्सिङ् असिस्टेण्ट<br>(ग) ड्रिल/पि.टि., तालिम<br>(घ) स्ट्रेचर वियरर<br>(ङ) सैनिक प्रहरी तालिम<br>(च) माउण्टेन वारफेयर/जङ्गल वारफेयर |
| २. | प्युठबाट अमल्दार | ए.पि.सि. ड्राइभिङ् एण्ड मेण्टिनेन्स तालिम वा एम.पि.भि. ड्राइभिङ् एण्ड मेण्टिनेन्स तालिम वा फेरेटकार ड्राइभिङ् एण्ड मेन्टिनेन्स तालिममध्ये कुनै एक | (क)ड्रिल/पि.टि.तालिम<br>(ख)माउण्टेन वारफेयर/ जंगल वारफेयर<br>(ग)सिकर्मी/डकर्मी/ प्लम्बिङ्ग<br>(घ)रेकी एण्ड सर्भिलेन्स |
| ३. | अमल्दारबाट हुद्दा | (क) बिल्लादार ग्रेड दुई<br>(ख) १२.७ मि.मि. एच.एम.जि. वा ७.६२ मि.मि. एम.एम.जि. तालिम वा ७.६२ मि.मि.जि.पि.एम.ज. तालिम वा ३०" ब्रा.मे.गन तालिम वा ८४ मि.मि. कार्लगुस्ताव तालिम वा | (क) माउण्टेन वारफेयर/जंगल वारफेयर<br>(ख) इण्टेलिजेन्स तालिम<br>(ग) फिल्ड इन्जिनियरिङ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | ४० मि.मि. रकेटलञ्चर तालिम वा ८१ मि.मि. मोर्टार तालिम वा रेडियो एण्ड अर्मामेण्ट तालिम वा सो सरहका तालिममध्ये कुनै एक तालिम | |
| ४. | हुद्दाबाट जमदार | (क) बिल्लादार ग्रेड एक<br>(ख) आर्मी सेकेण्ड क्लास वा एस.ई.ई. वा सो सरह<br>(ग) फेरेट कार कमाण्डर्स वा रेकी कमाण्डर्स वा मेकनाईज्ड कमाण्डर्स कोर्ष वा तालिममध्ये कुनै एक | (क) मेथड अफ इन्सट्रक्शन<br>(ख)इण्टेलिजेन्सतालिम |
| ५. | जमदारबाट सुवेदार | (क) ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम<br>(ख) आर्मी फष्ट क्लास वा एस.ई.ई. वा सो सरह | (क) मेथड अफ इन्सट्रक्शन<br>(ख) इण्टेलिजेन्स तथा सेक्युरिटी |
| ६. | सुवेदार | - | इण्टेलिजेन्स तथा सेक्युरिटी |

३०. अति विशिष्ट व्यक्ति सुरक्षा निर्देशनालय तर्फका सिपाहीदेखि सुवेदारसम्म

| सि.नं. | दर्जा | बढुवा प्रयोजनको लागि गर्नु पर्ने तालिम, योग्यता | पेसागत दक्षता अभिवृद्धिको लागि गर्न सक्ने तालिम, योग्यता |
|---|---|---|---|
| १. | सिपाही बाट प्युठ | (क) भी.भी.आई.पी. सुरक्षा आधारभूत (अन्य | (क) जुडो तालिम<br>(ख) ड्राइभिङ्ग तालिम |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | दर्जा) तालिम<br>(ख) एम.पी. ड्रिल तथा आर.टी.प्रोसिजर तालिम | (ग) ड्रिल तालिम /पि.टी. वेशिक तालिम<br>(घ) क्लोज प्रोटेक्शन रिफ्रेशर कोर्स |
| २. | प्युठबाट अमल्दार | हतियार तथा सुरक्षा उपकरण तालिम | (क) स्टोर किपर तालिम<br>(ख) अभिलेख तालिम<br>(ग) मेडिकल ग्रेड-३ तालिम<br>(घ) क्लोज प्रोटेक्शन रिफ्रेशर कोर्स |
| ३. | अमल्दारबाट हुद्दा | (क) एक्सप्लोसिभ तथा बुबिट्राप्स तालिम<br>(ख) भी.भी.आई.पी. सुरक्षा ग्रेड-दुई तालिम | (क) मेडिकल ग्रेड-२ तालिम<br>(ख) ईण्ट वेशिक तालिम<br>(ग) क्लोज प्रोटेक्शन रिफ्रेशर कोर्स |
| ४. | हुद्दाबाट जमदार | (क) एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास<br>(ख) भी.भी.आई.पी. सुरक्षा ग्रेड-एक तालिम | क्लोज प्रोटेक्शन रिफ्रेशर कोर्स |
| ५. | जमदार बाट सुवेदार | (क) एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास<br>(ख) ज्येष्ठ पदिक वा नेतृत्व विकास तालिम | क्लोज प्रोटेक्शन रिफ्रेशर कोर्स" |

(४) अनुसूची-९ को खण्ड (ङ) को स्पष्टीकरणमा रहेका "सैनिक प्रतिष्ठान" भन्ने शब्दहरू पछि ",सैनिक व्याटल स्कूल, जङ्गल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वारफेर शिक्षालय, माउण्टेन वारफेर शिक्षालय, इन्ट शिक्षालय" भन्ने शब्दहरू थपिएका छन्।

(५) अनुसूची-११ को अनुसूची शीर्षकमा रहेका "उपनियम (६)" भन्ने शब्दहरू पछि "र (६क)" भन्ने शब्दहरू थपिएका छन्।

(६) अनुसूची-१३ को,-

(क) अनुसूची शीर्षक "पोशाक" अन्तर्गतको,-

(१) सि.नं. ८ को सट्टा देहायको सि.नं. ८ राखिएको छ :-

| | | | |
|---|---|---|---|
| "८ | छालाको बुट | १ जोर | ३ वर्ष" |

(२) सि.नं. १० को सट्टा देहायको सि.नं. १० राखिएको छ :-

| | | | |
|---|---|---|---|
| "१० | फरेस क्याप (अधिकृतलाई बढुवा हुँदा १ पटक र प्रमुख सुवेदारलाई १ पटक) | १ गोटा | ६ वर्ष" |

(३) सि.नं. १३ मा रहेका "५ वर्ष" भन्ने शब्दहरूको सट्टा "तराई क्षेत्रमा ३ वर्ष र अन्य क्षेत्रमा ५ वर्ष" भन्ने शब्दहरू राखिएका छन् ।

(४) सि.नं. १५ झिकिएको छ ।

(५) सि.नं. १९ को सट्टा देहायको सि.नं. १९ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| “१९ | क्यामो भेष्ट | १ गोटा | तराई क्षेत्रमा २ वर्ष र अन्य क्षेत्रमा ३ वर्ष” |

(६) सि.नं. २० को सट्टा देहायको सि.नं. २० राखिएको छः-

| | | | |
|---|---|---|---|
| “२० | उलन भेष्ट ट्राउजरथर्म कोट) | १ जोर | हिमाली क्षेत्रमा २ वर्ष, तराई क्षेत्रमा ४ वर्ष र अन्य क्षेत्रमा ३ वर्ष” |

(७) सि.नं. २१ मा रहेका “१ सेट” भन्ने शब्दहरू पछि “एसेसरिजहरू समेत” भन्ने शब्दहरू थपिएका छन् ।

(८) सि.नं. ३२ झिकिएको छ।

(९) सि.नं. ३५ पछि देहायका सि.नं. ३६, ३७, ३८, ३९ र ४० थपिएका छन् :-

| | | | |
|---|---|---|---|
| “३६ | गोर्खा ह्याट | १ गोटा | १० वर्ष |
| ३७ | सिभिल मोजा | १ जोर | ६ महिना |
| ३८ | स्नो क्याप | १ गोटा | ३ वर्ष |
| ३९ | म्याट्रेस (वेडिङ्ग) | १ गोटा | ८ वर्ष (ई.आई.) |
| ४० | तकिया (खोल सहित) र तन्ना | तकिया-१, तन्ना र तकियाको खोल-२/२ | तकिया-३ वर्ष, तन्ना र तकियाको खोल- २ वर्ष” |

(ख) अनुसूची शीर्षक “सैन्य तथा अन्य व्यक्तिहरू (सैनिक कर्मचारी, प्राविधिक र मूल पण्डित) को लागि पोसाक” अन्तर्गत,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) खण्ड (क) को सि.नं. ११ पछि देहायका सि.नं. १२ र १३ थपिएका छन् :-

| | | |
|---|---|---|
| "१२ | वेडिङ् सेट | १ सेट |
| १३ | क्यामोफ्लाइज भेष्ट र कट्टु | २ जोर" |

(२) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) अन्य पोसाक

| सि.नं. | विवरण | सङ्ख्या | खपत अवधि |
|---|---|---|---|
| १ | पुजारीको पोसाक (रातो/कलेजी कुर्ता सुरुवाल, कपडाको जुत्ता र ढाका टोपी) | १सेट | १ वर्ष |
| २ | खेल पोसाक | १ सेट | २ वर्ष |
| ३ | फोटोग्राफर पोसाक (कालो कोट, भादगाउँले टोपी, दौरा सुरुवाल/सारी, सर्ट, सुट (पाइन्ट सहित) र छालाको जुत्ता) | १ सेट | ३ वर्ष |
| ४ | गुणस्तर नियन्त्रण महाशाखा | | |
| | सेतो एप्रोन | १ गोटा | १ वर्ष |
| | सेतो हेड गेयर | १ गोटा | १ वर्ष" |

"

**२७.** <u>**रुपान्तर**</u> : मूल नियमावलीको ठाउँ-ठाउँमा रहेका "प्रवेशिका परीक्षा" र "एस.एल.सी. वा सो सरह" भन्ने शब्दहरूको सट्टा एस.ई.ई. वा सो सरह" भन्ने शब्दहरू राखी रुपान्तर गरिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

“अनुसूची-४"

(नियम २४ को उपनियम (१) सँग सम्बन्धित)

झण्डा

नेपाली सेनाको झण्डा




प्रधान सेनापतिको झण्डा





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-४क."

(नियम २४ को उपनियम (२) सँग सम्बन्धित)

<u>नेपाली सेनाको दर्ज्यानी चिन्ह</u>




**आज्ञाले,**

**केदारनाथ शर्मा**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।